# कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड
को
## सोह्रौं वार्षिक साधारण सभाका
## निर्णयहरु

सभा मिति : २०८२ पुस ३० गते वुधवार ।
सभा समय : बिहान ९:०० बजे ।
सभा स्थान : होटल टाक्स इन्टरनेशनल प्रा.लि.कास्की, पोखरा ।

१. **बैधानिक सभा :**

मिति २०८२ पुस ०८ गते मंगलवार बसेको यस कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको २६३औं बैठकको निर्णय अनुसार बोलाईएको संस्थाको सोह्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०८२/०९/३० गते (तद्नुसार १४ जनवरी, २०२६) बुधबार ।
२.२ समय : विहान ०९ : ०० बजे ।
२.३ स्थान : होटल टाक्स इन्टरनेशनल प्रा.लि.को सभाहल, कास्की पोखरा ।

३. **सभाको सूचना :**

३.१ मिति २०८२ पुस ०८ गते बसेको सञ्चालक समितिको २६३औं बैठकले यस वित्तीय संस्थाको सोह्रौं वार्षिक साधारण सभा २०८२ पुस ३० गते वुधवार बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषयहरु समेत उल्लेख गरी सोह्रौं वार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै शेयरधनीहरुलाई सभाको जानकारी गराउनु पर्नेमा २२ दिन अगाडी नै मिति २०८२ साल पुस ०९ गते राष्ट्रिय स्तरको कारोवार दैनिक पत्रिकामा सूचना प्रकाशित गरी मिति २०८२ पुस २२ गते सोही कारोवार राष्ट्रिय दैनिक पत्रिकामा पूनः स्मरणार्थ सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित सोह्रौं वार्षिक साधारण सभाको सूचनाको साथमा सञ्चालक समितिको तर्फवाट पेश हुने साधारण तथा विशेष प्रस्तावहरु संलग्न गरी सूचना प्रकाशित गरिएको व्यहोरा सभामा जानकारी गराईएको थियो ।

४. **गणपूरक संख्या :**

कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावली २०७१ को नियम २३ मा गणपूरक संख्याको सम्बन्धमा "पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् र आफ्नो प्रतिनिधि मार्फत उपस्थित नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख भएकोमा आजको सोह्रौं वार्षिक साधरण सभामा ५९ जना शेयरधनीहरु स्वयम्वाट ४८९९९१ कित्ता शेयर र ११९ जना शेयरधनीको प्रतिनिधि मार्फत १७५४१२९ कित्ता गरी २२४४१२० कित्ता उपस्थिति भएको हुँदा सभा सञ्चालनको लागी आवश्यक गणपूरक संख्या पुगेको साथै सोही बमोजिम बाँडफाँड भएको कुल शेयर संख्या ४०७६९२३।०५ को ५५।०४ प्रतिशत उपस्थिति भएकोले आजको सोह्रौं वार्षिक साधारण सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव फणिन्द्र पाण्डेबाट सभामा जानकारी भयो । साथै ताली बजाएर सभाको वैधानिकता प्रमाणित गरिदिनुहुन शेयरधनी महानुभावहरुलाई हार्दिक आग्रह गर्नुभयो र सभाबाट ताली बजाएर बैधानिकता प्रमाणित भयो ।

५.उपस्थिति :

(क) सञ्चालकहरुको उपस्थिति :

| संस्थापक शेयरधनीहरु (समूह"क") को तर्फबाट | सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को तर्फबाट | स्वतन्त्र सञ्चालक |
|---|---|---|
| १. श्री चन्द्र बहादुर क्षेत्री (अध्यक्ष) - उपस्थित ।<br>२. श्री चन्द्र बहादुर वस्नेत (सञ्चालक) - उपस्थित ।<br>३. श्री रमा कुमारी शर्मा (सञ्चालक) - उपस्थित ।<br>४. श्री गणेश पौडेल (सञ्चालक) - उपस्थित । | १.श्री विश्वराज नेपाल (सञ्चालक) - उपस्थित ।<br>२.श्री युक्त बहादुर सुवेदी (सञ्चालक) - उपस्थित । | १.श्री बसन्त बहादुर थापा (सञ्चालक) - उपस्थित । |

(ख) पर्यवेक्षकहरुको उपस्थिति :

पर्यवेक्षकको रुपमा मुक्तिनाथ क्यापिटल लिमिटेडका प्रतिनिधि साथै केन्द्रीय कार्यालयका कर्मचारीहरु उपस्थित हुनुभएको थियो ।

(ग) शेयरधनीहरुको उपस्थिति :

| शेयरधनी | उपस्थिति | शेयर स्वामित्व (कित्तामा) |
|---|---|---|
| स्वयं उपस्थिति | ५९ | ४८९९९१ |
| प्रतिनिधि मार्फत उपस्थिति (प्रोक्सी) | ११९ | १७५४१२९ |
| जम्मा उपस्थिति | १७९ | २२४४१२० |

(घ) शेयरधनी उपस्थिति संख्या :

| बिवरण | कुल शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयरधनी | २६३०४३०।७५ | ४८२९८० | १६१५५७३ | २०९८५५३ | ५१।४७ |
| सर्वसाधरण शेयरधनी | १४४६४९२।३० | ७०११ | १३८५५६ | १४५५६७ | ३।५७ |
| जम्मा | ४०७६९२३।०५ | ४८९९९१ | १७५४१२९ | २२४४१२० | ५५।०४ |

६. **अध्यक्षको आसन ग्रहण :**

सभाको अध्यक्षता : कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १९ (१) मा साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्ने व्यवस्था उल्लेख भए बमोजिम आजको यस सोह्रौं वार्षिक साधारण सभाको अध्यक्षता संस्थाका अध्यक्ष श्री चन्द्र बहादुर क्षेत्रीज्यूलाई कम्पनी सचिव श्री फणिन्द्र पाण्डेले ड्यासमा बोलाई आसन ग्रहण गराउनु भयो ।

७. **अन्य आसन ग्रहण :**

सभामा उपस्थित रहनु भएका सञ्चालकहरु क्रमशः श्री चन्द्र बहादुर बस्नेत, श्री रमा कुमारी शर्मा, श्री गणेश पौडेल, श्री विश्वराज नेपाल, श्री युक्त बहादुर सुवेदी र श्री वसन्त बहादुर थापा साथै यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री कुल चन्द्र पराजुली, पुर्व प्रमुख निर्वाचन आयुक्त तथा संस्थापक शेयरधनि श्री निलकण्ठ उप्रेति, संस्थाका पुर्व अध्यक्ष तथा सञ्चालकहरु, संस्थाका कानुनी सल्लाकार श्री गिरधारी सुवेदी लगायत मुक्तिनाथ क्यापिटलका प्रतिनिधि लाई कार्यक्रम सञ्चालक कम्पनी सचिव श्री फणिन्द्र पाण्डेले ड्यासमा आसन ग्रहण गराउनु भयो ।
सभाको कारवाही अगाडी बढाउन सभा अध्यक्षज्यूले कार्यक्रम सञ्चालक कम्पनी सचिव श्री फणिन्द्र पाण्डेलाई अनुमति प्रदान गर्नु भयो ।
स्वागत मन्तव्य वित्तीय संस्थाका सञ्चालक श्री युक्त बहादुर सुवेदीले गर्नु भएको थियो भने संस्थाको हालसम्मको प्रगति तथा आगामी कार्ययोजनाका बारेमा प्रमुख कार्यकारी अधिकृत श्री कुल चन्द्र पराजुलीले प्रस्तुत गर्नुभएको थियो ।

यसैगरी शुभकामना मन्तव्य यस वित्तीय संस्थाका पुर्व सञ्चालक तथा शेयरधनिहरु श्री कृष्ण काजी के.सी र श्री मेघनाथ सुवेदी साथै पुर्व प्रमुख निर्वाचन आयुक्त तथा संस्थापक शेयरधनि निलकण्ठ उप्रतीले गर्नुभएको थियो भने संस्थाको बारेमा थप स्पष्ट सञ्चालक श्री चन्द्र बहादुर बस्नेतले पार्न भएको थियो ।

८. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभाध्यक्ष श्री चन्द्र बहादुर क्षेत्रीज्यूले सञ्चालक समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो ।

९. **सभामा छलफल गरिने बिषयहरुको सूची प्रस्तुत :**

सभा सञ्चालक कम्पनी सचिवले पूर्व निर्धारित सूचना अनुसार देहायका छलफलका बिषयहरु रहेको स्मरण गराउदै बिषयसूचीहरु वाचन गर्नु भयो ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२) आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्वन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आ.व.२०८२/०८३ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८१/०८२ सम्मको सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.४०,७६,९२,३०४।७६ (अक्षरेपी चालिस करोड छयहत्तर लाख बयानब्बे हजार तिन सय चार रुपैया छयहत्तर पैसा मात्र) को ०।५२६३ प्रतिशतका दरले हुन आउने रकम रु.२१,४५,७४८।९७ (अक्षरेपी एक्काइस लाख पैंतालिस हजार सात सय अठ्चालिस रुपैया सन्तानब्बे पैसा मात्र) नगद लाभांश (बोनश शेयरमा लाग्ने कर) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१)सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व. २०८१/०८२ सम्मको सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.४०,७६,९२,३०४।७६ (अक्षरेपी चालिस करोड छयहत्तर लाख बयानब्बे हजार तिन सय चार रुपैया छयहत्तर पैसा मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.४,०७,६९,२३०।४८ (अक्षरेपी चार करोड सात लाख उनन्सत्तरी हजार दुईसय तिस रुपैया अठ्चालिस पैसा मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

२)बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु. ४४,८४,६१,५३५।२४ (अक्षरेपी चवालिस करोड चौरासी लाख एकसट्ठी हजार पाँच सय पैंतिस रुपैया चौबिस पैसा मात्र) हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी वृद्धि सम्वन्धी प्रस्ताव स्वीकृत गर्ने ।

३) यस वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक समूहको शेयर स्वामित्व ६४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ३५.४८ प्रतिशत रहेकोमा संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम रहने गरी संस्थापक समूहको शेयर स्वामित्वबाट १० प्रतिशत शेयर सर्वसाधारण समूहको शेयरमा परिणत गर्ने प्रस्ताव स्वीकृत गर्ने साथै सोहि बमोजिम प्रबन्धपत्रको दफा-६ मा संशोधन गर्ने सम्वन्धी प्रस्ताव समेत स्वीकृत गर्ने ।

४) सञ्चालकले पाउने सुविधा सम्वन्धमा नियमावलीमा संशोधन गर्ने ।

५) यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागी नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य पुरा गरी अन्तिम स्वीकृति लिने लगायत सो संग सम्बन्धित अन्य कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६) प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्वन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध:**

**१०. शेयरधनीहरुको भनाई :**

सभाका अध्यक्षज्यूले सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात अध्यक्षज्यूको आज्ञाले कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचिहरु उपर समेत आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनुभई निम्न बमोजिम टिप्पणी, जिज्ञासा, राय र सुझाव प्रस्तुत गर्नु भयो ।

(क) **शेयरधनी श्री श्रीराम गौतम :**

- वार्षिक प्रतिवेदनमा विषयवस्तुहरु दोहोरिएको ।
- विषय सुची राख्न सुझाव ।
- अडिटर नियुक्तिको प्रकृया वारेमा जानकारी दिनुहोला ।
- अघिल्लो आ.व.मा भन्दा यस आ.व.मा कर्मचारी वृद्धिको अनुपात वढि हुनुको कारण ।
- शाखा कार्यालय मर्जर गरि खर्च घटाउन सुझाव ।
- कर्जा नोक्सानी व्यवस्था अघिल्लो आ.व.मा भन्दा निकै धेरै हनुको कारण ।
- हालको विषम अवस्थामा पनि १०।५२६३ प्रतिशत लाभांस दिनु राम्रो ।

(ख) **शेयरधनी श्री भेलानाथ शर्मा :**

- सोह्रौ वार्षिक साधारण सभाको प्रतिवेदनमा आ.व. २०८१।८२ मा भए गरेका सम्पुर्ण विषयहरु समेटीएको हुदा प्रतिवेदन राम्रो रहेको ।
- नाफा घट्नुको कारणमा कुनकुन विषयको प्रभाव रहयो ।
- निष्कृय कर्जा वढी हुनु चिन्ताको विषय हो ।
- लघुवित्तलाई हेर्ने दृष्टीकोण समुदाय पिच्छे फरकफरक भएको हुदा कर्मचारीहरुलाई काम गर्न गाह्रो छ ।
- कर्मचारीहरुले संस्थामा भविष्य देख्नुपर्छ अन्यथा कर्मचारीहरु जिम्मेवार हुदैनन तर्सथ कर्मचारी उत्प्रेरित हुने गरी सुविधाका साथ साथै अन्य विषयहरु समेतको व्यवस्था मिलाएर लैजानु पर्छ ।
- सञ्चालक समिति तथा कर्मचारीहरुले राम्रो संग काम गरेको डेटाले देखाउँदछ ।
- संस्थाको सकरात्मक विषयहरु वाहिर ल्याउनुपर्ने ।
- संस्थागत शुसासन तथा HR व्यवस्थापन राम्रो हुदै गएको हुदा सस्थामा अब केहि हुन्छ भन्ने आशा जागेको ।
- वार्षिक प्रतिवेदनमा सञ्चालकको विस्तृत रणनीतिक योजना प्रस्तुतीकरण राम्रो ।
- हालको आवस्थामा समेत लाभांश दिनु संस्थाको अवस्था मजवुत छ भन्ने प्रमाणित हुन्छ ।
- Loan Restructure सम्वन्धमा हालको अवस्था साथै Interest Receivable वढनुको कारण ।
- कर्जा दिनु भन्दा पहिला राम्रो संग विश्लेषण गर्नुपर्ने ।
- अडिट गर्दा Financial Data को अतिरिक्त विषयगत Analytical लाई समेत ध्यान दिनपर्ने ।
- सदस्य थप विना व्यवसाय विस्तार हुन नस्कने हुदा सदस्य थप गर्न तर्फ ध्यान दिनुपर्ने सुझाव ।
- CSR Fund अलि बढी परिचालन गर्न सुझाव ।

(ख) **शेयरधनी श्री डोलराज ढुङ्गाना :**

- १०।५२६३ प्रतिशत बोनश राम्रो साथै अलि वढि हुन्छ कि भन्ने आशा रहेको ।
- कालिका लघुवित्तलाई धन्यवाद दिन आएको राम्रो काम भएको छ ।
- नेपाल राष्ट्र बैंकवाट भएका टिका टिप्पणी स्पष्ट राख्नु पर्ने ।
- शेयरधनिले पनि नियमित रुपमा संस्थामा गएर विषयवस्तु साथै अवस्थाको विषयमा जानकारी लिदा राम्रो हुने ।

११. अध्यक्षज्यूको जवाफ :

शेयरधनी महानुभावहरुबाट आएका महत्वपूर्ण जिज्ञासा, राय सुझावहरुका लागि अध्यक्षज्यूवाट धन्यवाद दिदै उक्त विषयहरुका सम्वन्धमा समष्टिगत रुपमा प्रष्ट पार्दै शेयरधनीहरुबाट आएका गहन सुझावहरुलाई आगामी दिनमा मनन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै साधारण सभा सम्वन्धी विधि र प्रक्रियाको विषयमा समेत प्रष्ट पार्नु भयो ।

१२. सभाबाट भएका निर्णयहरु :

(क) साधारण प्रस्ताव :

**१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**

निर्धारित विषयसूची साधारण प्रस्ताव नं. १ सञ्चालक समितिको तर्फवाट अध्यक्षज्युद्वारा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नु भयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**२) आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

निर्धारित विषयसूची साधारण प्रस्ताव नं. २ आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही अवधीको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सँग सम्वन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदन सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नु भयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आ.व.२०८२/०८३ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

निर्धारित विषयसूची साधारण प्रस्ताव नं. ३ कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ वमोजिम आ.व. २०८२/०८३ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने रहेकोमा सभाको जानकारकिो लागी लेखापरीक्षण समितिको सिफारिस वमोजिम यस वित्तीय संस्थाको आ.व. २०८२।०८३ को वाह्य लेखापरीक्षण कार्य सम्पन्न गर्न श्री.के.जे. एण्ड एसोसिएटस्,चार्टर्ड एकाउन्टेन्टस्, पुल्चोक ललितपुरलाई लेखापरीक्षण शुल्क तथा अन्य खर्च बापत प्रचलित कर (भ्याट) सहित रु.५,५०,०००।- (अक्षेरुपी पाँच लाख पचास हजार रुपैया मात्र) प्रदान गर्ने गरी वाह्य लेखापरीक्षक नियुक्त गर्न सिफारिस सहित आसन्न साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय भए बमोजिम उक्त सिफारिस यस सभामा निर्णयार्थ प्रस्तुत भएकोमा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८१/०८२ सम्मको सञ्चित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.४०,७६,९२,३०४।७६ (अक्षरेपी चालिस करोड छयहत्तर लाख बयानब्बे हजार तिन सय चार रुपैया छयहत्तर पैसा मात्र) को ०।५२६३ प्रतिशतका दरले हुन आउने रकम**

**रु.२१,४५,७४८।९७ (अक्षरेपी एक्काइस लाख पैंतालिस हजार सात सय अठ्चालिस रुपैया सन्तानब्बे पैसा मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित बिषय सूची साधारण प्रस्ताव नं.४ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८१/०८२ सम्मको सञ्चित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.४०,७६,९२,३०४।७६ (अक्षरेपी चालिस करोड छयहत्तर लाख बयानब्वे हजार तिन सय चार रुपैया छयहत्तर पैसा मात्र) को ०।५२६३ प्रतिशतका दरले हुन आउने रकम रु.२१,४५,७४८।९७ (अक्षरेपी एक्काइस लाख पैंतालिस हजार सात सय अठ्चालिस रुपैया सन्तानब्वे पैसा मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्न सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**(ख) विशेष प्रस्ताव :**

**१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व. २०८१/०८२ सम्मको सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.४०,७६,९२,३०४।७६ (अक्षरेपी चालिस करोड छयहत्तर लाख बयानब्वे हजार तिन सय चार रुपैया छयहत्तर पैसा मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.४,०७,६९,२३०।४८ (अक्षरेपी चार करोड सात लाख उनन्सत्तरी हजार दुईसय तिस रुपैया अठ्चालिस पैसा मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं १ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व. २०८१/०८२ सम्मको सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.४०,७६,९२,३०४।७६ (अक्षरेपी चालिस करोड छयहत्तर लाख बयानब्वे हजार तिन सय चार रुपैया छयहत्तर पैसा मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.४,०७,६९,२३०।४८ (अक्षरेपी चार करोड सात लाख उनन्सत्तरी हजार दुईसय तिस रुपैया अठ्चालिस पैसा मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**२) वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु. ४४,८४,६१,५३५।२४ (अक्षरेपी चवालिस करोड चौरासी लाख एकसट्ठी हजार पाँच सय पैंतिस रुपैया चौविस पैसा मात्र) हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी बृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं २ वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.४४,८४,६१,५३५।२४ (अक्षरेपी चवालिस करोड चौरासी लाख एकसट्ठी हजार पाँच सय पैंतिस रुपैया चौविस पैसा मात्र) हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी बृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**३) यस वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक समूहको शेयर स्वामित्व ६४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ३५.४८ प्रतिशत रहेकोमा संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम रहने गरी संस्थापक समूहको शेयर स्वामित्ववाट १० प्रतिशत शेयर सर्वसाधारण समूहको शेयरमा परिणत गर्ने प्रस्ताव स्वीकृत गर्ने साथै सोहि वमोजिम प्रवन्धपत्रको दफा-६ मा संशोधन गर्ने सम्वन्धी प्रस्ताव समेत स्वीकृत गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं ३ यस वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक समूहको शेयर स्वामित्व ६४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ३५.४८ प्रतिशत रहेकोमा संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम रहने गरी संस्थापक समूहको शेयर स्वामित्ववाट १० प्रतिशत शेयर सर्वसाधारण समूहको शेयरमा परिणत गर्ने प्रस्ताव स्वीकृत गर्ने साथै सोहि बमोजिम प्रबन्धपत्रको दफा-६ मा संशोधन गर्ने सम्वन्धी प्रस्ताव समेत स्वीकृत गर्ने सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नु भयो ।

४) **सञ्चालकले पाउने सुविधा सम्वन्धमा नियमावलीमा संशोधन गर्ने ।**

निर्धारित विषय सूची विशेष प्रस्ताव नं ४ सञ्चालकले पाउने सुविधा सम्वन्धमा नियमावलीमा संसोधन गर्ने रहेको हुँदा सभाको जानकारीको लागी यस वित्तीय संस्थाको हाल रहेको संचालक समितिको वैठक भत्ता प्रति वैठक अध्यक्षको रु. ५,०००/- तथा अन्य संचालकहरुको रु.४,५००/- र संस्थाको कामको सिलसिलामा तथा संचालक समितिको वैठकमा भाग लिन आउँदा जादाको दैनिक भ्रमण भत्ता वापत अध्यक्ष तथा संचालकलाई स्वदेशमा रु. ४,०००/- र भारतमा भा.रु. ३,०००/- सुविधा रहेकोमा हालको अवस्थामा उक्त सुविधा कम भएको महसुस भई संचालक समितिको वैठक भत्ता प्रति वैठक अध्यक्षको रु.७,०००/- तथा अन्य संचालकहरुको रु.६,५००/- र संस्थाको कामको सिलसिलामा तथा संचालक समितिको वैठकमा आउदा जादाको दैनिक भ्रमण भत्ता वापत अध्यक्ष तथा अन्य संचालकहरुलाई स्वदेशमा रु.६,५००/- र भारतमा भा.रु. ५,०००/- सुविधा हुनेगरी सिफारिस सहित आसन्न साधारणसभामा प्रस्ताव पेश गर्ने निर्णय सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारीत गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

**५) यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागी नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्वन्धित प्रचलित कानून बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य पुरा गरी अन्तिम स्वीकृति लिने लगायत सो संग सम्वन्धित अन्य कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव नं ५ यस यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागी नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्वन्धित प्रचलित कानून बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य पुरा गरी अन्तिम स्वीकृति लिने लगायत सो संग सम्वन्धित अन्य कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताब पारित भएको घोषणा गर्नुभयो ।

**६)प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषयसूची विशेष प्रस्ताव न ६ प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारित गर्नुभयो । सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

**प्रबन्धपत्रमा संशोधन सम्बन्धमा विशेष प्रस्तावसंग सम्बन्धी तीन महले विवरण :**

| दफा | प्रबन्धपत्रको हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ६(ख) | वित्तीय संस्थाको जारी पूँजी रु. ४०,७६,९२,३०४।७६ (अक्षरेपी चालिस करोड छयहत्तर लाख बयानब्बे हजार तीनसय चार रुपैया छयहत्तर पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ४०,७६,९२३।०५ ( चालीस लाख छयहत्तर हजार नौसय तेईस दशमलव शुन्य पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पूँजी रु.४४,८४,६१,५३५।२४ (अक्षरेपी चवालिस करोड चौरासी लाख एकसट्ठी हजार पाँचसय पैंतिस रुपैया चौविस पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ४४,८४,६१५।३५ (चवालिस लाख चौरासी हजार छसय पन्ध्र दशमलव तिन पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाले बोनस शेयर जारी गरे पश्चात पूँजी बृद्धि हुने भएकोले । |
| ६ (ग) | वित्तीय संस्थाको चुक्ता पूँजी रु.४०,७६,९२,३०४।७६ (अक्षरेपी चालीस करोड छयहत्तर लाख बयानब्बे हजार तीनसय चार रुपैया छयहत्तर पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका ४०,७६,९२३।०५ (चालिस लाख छयहत्तर हजार नौसय तेईस दशमलव शुन्य पाँच) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | वित्तीय संस्थाको चुक्ता पूँजी रु.४४,८४,६१,५३५।२४ (अक्षरेपी चवालिस करोड चौरासी लाख एकसट्ठी हजार पाँचसय पैंतिस रुपैया चौविस पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ४४,८४,६१५।३५ (चवालिस लाख चौरासी हजार छ सय पन्ध्र दशमलव तिन पाँच) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | वित्तीय संस्थाले बोनस शेयर जारी गरे पश्चात पूँजी बृद्धि हुने भएकोले । |
| ६(ङ) | संस्थापक शेयरधनीहरुलाई समूह (क) मा बर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६४.५२ प्रतिशत हुनेछ । | संस्थापक शेयरधनीहरुलाई समूह (क) मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत हुनेछ । | संस्थापक शेयरलाई सर्व-साधारण शेयर समुहमा परिणत गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त भएको हुँदा । |

| | | | |
|---|---|---|---|
| ६(च) | सर्वसाधारण शेयरधनीहरुलाई समूह (ख) मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ३५.४८ प्रतिशत हुनेछ । | सर्वसाधारण शेयरधनीहरुलाई समूह (ख) मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत हुनेछ । | संस्थापक शेयरलाई सर्व-साधारण शेयर समुहमा परिणत गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त भएको हुँदा । |

## नियमावली संशोधन सम्बन्धमा विशेष प्रस्तावसंग सम्बन्धित तीन महले विवरण

| नियम | नियमावलीको हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| नियम ३२ १(क) | (क) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रु.५,०००।- र अन्य सञ्चालकले प्रति बैठक भत्ता रु.४,५००।- हुनेछ । साथै, अध्यक्ष र प्रत्येक सञ्चालकलाई मोबाइल खर्च बापत मासिक रु.१,०००।- प्रदान गरिनेछ । | (क) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षको रु.७,०००।- र अन्य सञ्चालकको प्रति बैठक भत्ता रु.६,५००।- हुनेछ । साथै, अध्यक्ष र प्रत्येक सञ्चालकलाई मोबाइल खर्च बापत मासिक रु.१,०००।- प्रदान गरिनेछ । | समय सापेक्ष बैठक भत्ता तथा अन्य सुविधा संशोधन गर्न आवश्यक देखिएकाले । |
| नियम ३२ १(ख) | (ख) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा तथा सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा जाँदा अध्यक्ष तथा अन्य सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>अ.स्वदेशमा दैनिक भत्ता रु.४,०००।-<br>आ.भारतमा भा.रु. ३,०००।-<br>इ.भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकन डलर २००।-<br>ई. भ्रमण भत्ता विल बमोजिम । | (ख) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा तथा सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा जाँदा अध्यक्ष तथा अन्य सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>अ.स्वदेशमा दैनिक भत्ता रु.६,५००।-<br>आ.भारतमा भा.रु. ५,०००।-<br>इ.भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकन डलर २००।-<br>ई. यातायत खर्च विल बमोजिम । | समय सापेक्ष बैठक भत्ता तथा अन्य सुविधा संशोधन गर्न आवश्यक देखिएकाले । |

**१३. बिविध प्रस्ताव अन्तर्गत कुनै पनि प्रस्तावहरु दर्ता नभएकाले कुनै निर्णय भएन ।**

१४. **धन्यवाद ज्ञापन :**

संस्थाको सोह्रौ वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तव्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितका लागि अति नै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै सफलतापूर्वक सभा सञ्चालनमा सहयोग पुऱ्याउनुहुने कम्पनी सचिवज्यू लगायत व्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका अध्यक्षज्यूबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१५. **सभा बिसर्जन :**

अन्त्यमा, सभाका अध्यक्ष तथा वित्तीय संस्थाका अध्यक्ष श्री चन्द्र वहादुर क्षेत्रीज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेको हुनाले वित्तीय संस्थाको सोह्रौं वार्षिक साधारणसभा अपरान्ह २ :३० बजे विसर्जन गर्नुभयो ।

**(फणिन्द्र पाण्डे)**
**कम्पनी सचिव**

**(चन्द्र वहादुर क्षेत्री)**
**सभाका अध्यक्ष**